राष्ट्रिय दैनिक

# समाचार दैनिक

जनकपुर

Email: sdainik99@gmail.com
Website www.esamachardainik.com

विज्ञापनको लागि सम्पर्क
९८५४०२०९२२
९८५४०२५१६४

वर्ष ७ अंक ३२९ २०८३ असार १५ गते सोमवार (28 June 2026) पृष्ठ ४ मूल्य रू. ३।-

## प्रत्यक्ष कार्यकारी शासन उपयुक्त छैन : भण्डारी




दैनिक समाचारदाता

काठमाडौं, १४ असार । पूर्वराष्ट्रपति विद्यादेवी भण्डारीले नेपालको सामाजिक संरचना र विविधतालाई दृष्टिगत गर्दा प्रत्यक्ष निर्वाचित कार्यकारी शासन प्रणाली मुलुकका लागि उपयुक्त नहुने बताएकी छिन् ।

जननेता मदन भण्डारीको ७५औं जन्मजयन्तीका अवसरमा आइतबार काठमाडौंमा आयोजित 'नेपालको कम्युनिस्ट आन्दोलन र जननेता मदन भण्डारी' विषयक अन्तरक्रिया कार्यक्रममा बोल्दै उनले संविधान संशोधनका क्रममा बेलाबेलामा उठ्ने प्रत्यक्ष कार्यकारी शासन प्रणालीको प्रस्तावप्रति आफ्नो असहमति व्यक्त गरिन् ।

नेपालजस्तो बहुजातीय, बहुभाषिक, बहुसांस्कृतिक तथा विविधतायुक्त मुलुकमा यस्तो शासन प्रणाली सान्दर्भिक नहुने उनको तर्क थियो ।

'संविधान संशोधनको सन्दर्भमा बेलाबेलामा उठ्ने प्रत्यक्ष कार्यकारी शासन प्रणालीको प्रस्ताव हाम्रो जस्तो बहुजातीय, बहुभाषिक, बहुसांस्कृतिक र विविधतायुक्त मुलुकका लागि उपयुक्त हुन सक्दैन भन्ने मेरो विचार छ,' उनले भनिन् ।

## दलित समुदायलाई राज्यको मूलधारमा ल्याउन अभियानको माग

दैनिक समाचारदाता

जनकपुरधाम, १४ असार । दलित समुदायप्रति संघ, प्रदेश र स्थानीय तहका तीनै तहका सरकार इमान्दार नदेखिएको आरोप दलित अधिकारकर्मीहरूले लगाएका छन् ।

दलित विकास समिति, मधेश प्रदेशको आयोजनामा बाराको कलैया र सप्तरीको राजविराजमा आयोजित दलित सरोकारवालासँग नेतृत्व विकाससम्बन्धी अन्तरक्रिया कार्यक्रममा सहभागी दलित अगुवाहरूले निर्वाचनका बेला आश्वासन बाँड्ने तर निर्वाचित भएपछि दलित समुदायलाई विभेदमा राख्ने प्रवृत्ति अझै कायम रहेको बताएका हुन् ।

उनीहरूले सरकार गठनमा दलित समुदायको महत्वपूर्ण भूमिका रहने भए पनि राज्यका निकायमा प्रतिनिधित्व गर्ने दलितहरूले कानुनी, सामाजिक तथा न्यायिक विभेद खेप्नुपरेको गुनासो गरे । दलित समुदायको अशिक्षा, गरिबी, राजनीतिक पहुँचको कमी तथा सामाजिक पछौटेपनको फाइदा उठाइँदै आएको उनीहरूको भनाइ थियो ।




दलित अगुवा पञ्चदेव खड्गले २०७२ सालको संविधानमा दलित अधिकारका पक्षमा महत्वपूर्ण व्यवस्था भए पनि त्यसको वास्तविक लाभ दलित समुदायले प्राप्त गर्न नसकेको बताए। उनका अनुसार संघीयतापछि केही उपलब्धि हासिल भए पनि ती कागजमै सीमित भएका छन्। दलित समुदायले अब एकताबद्ध भएर राज्यका सबै निकायमा आफ्नो पहुँच विस्तार गर्न अभियान सञ्चालन गर्नुपर्ने उनले जोड दिए ।

मुक्ति समाज नेपालका प्रदेश अध्यक्ष प्रथमलाल रामले देशको कुल जनसंख्याको करिब १३ प्रतिशत दलित समुदाय भए पनि मधेशका दलितहरूले अपेक्षित अधिकार प्राप्त गर्न नसकेको बताए । उनले मधेश प्रदेशमा बनेको दलित सशक्तीकरण ऐन प्रभावकारी रूपमा कार्यान्वयन नभई कागजमै सीमित भएको टिप्पणी गरे । दलित विकास समितिले थालेको अभियान सकारात्मक भए पनि अझ व्यापक बनाउनुपर्ने उनको भनाइ थियो ।

दलित अभियन्ता भोला पासमानले संविधान संशोधनको बहस चलिरहेका बेला दलित अधिकार कमजोर हुने जोखिम रहेको उल्लेख गर्दै दलित सम्मेलन आयोजना गरी मुख्यमन्त्रीदेखि प्रधानमन्त्रीसम्म दलित अधिकारसम्बन्धी सुझावपत्र बुझाउनुपर्ने धारणा राखे ।

समितिका उपाध्यक्ष जितेन्द्र पासमानको अध्यक्षतामा सम्पन्न कार्यक्रममा पूर्व भौतिक पूर्वाधार तथा यातायात राज्यमन्त्री कलावती पासमानले राजनीतिमा सक्रिय दलित नेताहरूले आफ्नै दल र राज्यबाट समेत विभेद भोग्नुपरेको अनुभव सुनाइन्। संविधानले सुनिश्चित गरेको आरक्षणबाहेक अन्य जिम्मेवारीमा पुग्न अझै कठिन रहेको उल्लेख

बाँकी पृष्ठ ३ मा

## मधुमेह (डायबिटिज) रोगबाट बचौं

शरीरमा चिनीको मात्रा बढी हुँदा मधुमेह हुन सक्छ,

***मधुमेहले,***

- विभिन्न अंगमा क्षति पुयाउन सक्छ,
- मुटु र मिर्गौलामा क्षति पुर्याउन सक्छ,
- अन्धोपन, पक्षघातलगायतका जोखिम बढाउन सक्छ ।

***मधुमेहबाट बच्न,***

- शरीरको तौल सन्तुलित राखौं,
- चिल्लो तथा चिनीजन्य पदार्थको सेवन कम गरौं,
- जङ्कफूड तथा तारेका, भुटेका र प्रशोधित खानाहरु नखाऔं,
- धुम्रपान, मद्यपान नगरौं, नियमित व्यायाम गरौं,
- रेशायुक्त तथा प्राकृतिक खानेकुरा खाऔं,
- नियमित स्वास्थ्य परीक्षण गरौं, मधुमेहबाट बचौं ।

नेपाल सरकार
**विज्ञापन बोर्ड**

## वातावरण संरक्षण सबैको साझा दायित्व : सभामुख यादव

दैनिक समाचारदाता

जनकपुरधाम, १४ असार । मधेश प्रदेशका सभामुख रामअशिष यादवले वातावरण संरक्षण र संवर्द्धन सबैको साझा दायित्व भएको बताएका छन् ।




अनौपचारिक क्षेत्र सेवा केन्द्र (इन्सेक) मधेश प्रदेशद्वारा आयोजित 'प्रदेशस्तरीय वातावरणीय मानव अधिकारकर्मीहरूसँग अन्तरक्रिया' कार्यक्रममा उनले वातावरण संरक्षणमा राज्य, नागरिक समाज, मानवअधिकारकर्मी तथा आम नागरिकबीच समन्वय र सहकार्य अपरिहार्य रहेको बताए।

सभामुख यादवले माटो, पानी र वायुलाई प्रदूषणबाट जोगाउनुका साथै वृक्षारोपणलाई जनअभियानका रूपमा अघि बढाउनुपर्ने आवश्यकता औंल्याए। वन विनाश, जथाभावी प्लास्टिकको प्रयोग तथा वातावरणीय प्रदूषणका कारण मानव स्वास्थ्यमा गम्भीर असर परेको उल्लेख गर्दै उनले जलवायु परिवर्तनका कारण अत्यधिक गर्मी, बाढी, पहिरो तथा अन्य प्राकृतिक विपद्का घटना बढ्दै गएको बताए।


उनले स्वच्छ र स्वस्थ वातावरणमा बाँच्न पाउने अधिकार नेपालको संविधानले प्रत्याभूत गरेको मौलिक अधिकार भएको उल्लेख गर्दै संविधानको धारा ३० ले प्रत्येक नागरिकलाई स्वच्छ तथा स्वस्थ वातावरणमा बाँच्न पाउने हक सुनिश्चित गरेको र धारा ५१ ले प्राकृतिक स्रोत, वन तथा वातावरण संरक्षणसम्बन्धी राज्यका नीतिलाई स्पष्ट रूपमा व्यवस्था गरेको बताए।

सभामुख यादवले वातावरणीय अधिकारको प्रभावकारी संरक्षणका लागि स्थानीय, प्रदेश र संघीय सरकारबीच समन्वय आवश्यक रहेको उल्लेख गर्दै चुरे संरक्षण, वन क्षेत्रको दिगो


बाँकी पृष्ठ ३मा

अब अनलाइनबाट बुकिङ्गको सुविधा

divyaclinicjanakpur.com



- पाठेघरको असामान्य रक्तस्राव
- इन्डोमेट्रिओसिस
- रजोनिवृत्ति
- पिल्भिक दुखाइ
- डिस्मेनोरिया (पीडादायी महिनावारी)
- पीडादायी यौनसम्पर्क
- स्त्री रोग तथा प्रसुती सम्बन्धी रोग
- बाल रोग
- बाँझपनको उपचार
- दखाई बिनाको सत्केरी




सम्पर्क ठेगाना

दिव्या क्लिनिक एण्ड डाइग्नोष्टिक सेन्टर
जनकपुरधाम उपमहानगरपालिका वडा नं. १०,
Phone :9861147201

**नैना होस्पिटल प्रा.लि.**
जनकपुरधाम उपमहानगरपालिका वडा नं. ८ रामानन्द चौक,
Phone :977041 591035, Mob. 9801674020



## सम्पादकीय

# समावेशी शिक्षाको अधुरो सपना

नेपालको संविधानले प्रत्येक नागरिकलाई समान र गुणस्तरीय शिक्षाको अधिकार सुनिश्चित गरेको छ। शिक्षालाई मौलिक अधिकारका रूपमा स्थापित गरिएको भए पनि व्यवहारमा अझै धेरै बालबालिका, विशेषगरी दलित, मुस्लिम, गरिब तथा अन्य सीमान्तकृत समुदायका बालबालिका, गुणस्तरीय शिक्षाको पहुँचबाट वञ्चित छन् । मधेश प्रदेशमा हालै सम्पन्न 'समावेशी शिक्षा योजना अध्ययन प्रतिवेदन सार्वजनिक तथा अन्तरक्रिया कार्यक्रम' ले यही यथार्थलाई पुनः उजागर गरेको छ ।

समावेशी शिक्षा भनेको विद्यालयको ढोका सबैका लागि खुला गर्नु मात्र होइन। हरेक बालबालिकाले आफ्नो भाषा, संस्कृति, पहिचान र आवश्यकताअनुसार समान अवसरका साथ शिक्षा प्राप्त गर्न सक्ने वातावरण निर्माण गर्नु हो। तर हाम्रो शिक्षा प्रणाली अझै पनि सामाजिक, आर्थिक र भाषिक विभेदबाट मुक्त हुन सकेको छैन। विद्यालयमा भर्ना दर बढे पनि सिकाइको गुणस्तर, निरन्तरता र उच्च शिक्षासम्मको पहुँचमा ठूलो असमानता कायम छ ।

मधेश प्रदेशको सन्दर्भ झन् गम्भीर छ। यहाँ दलित, मुस्लिम, गरिब तथा अन्य सीमान्तकृत समुदायका बालबालिकाको विद्यालयमा टिकाइदर कमजोर छ। विशेषगरी दलित समुदायका बालबालिका प्राथमिक तहसम्म त पुगिरहेका छन्, तर माध्यमिक र उच्च शिक्षामा उनीहरूको सहभागिता निकै न्यून छ। यसले शिक्षा प्रणाली अझै समान अवसरमूलक बन्न नसकेको स्पष्ट देखाउँछ।

समस्या केवल पहुँचको मात्र होइन, राज्यको प्राथमिकताको पनि हो। शिक्षा क्षेत्रले वर्षौंदेखि आवश्यक बजेट पाउन सकेको छैन। शिक्षाविद्हरूले राष्ट्रिय बजेटको कम्तीमा २० प्रतिशत र कुल गार्हस्थ उत्पादन (जीडीपी) को ४ देखि ६ प्रतिशत शिक्षा क्षेत्रमा लगानी गर्नुपर्ने माग दोहोर्‍याउँदै आएका छन्। तर व्यवहारमा शिक्षा अझै पनि बजेट बाँडफाँटको प्राथमिक सूचीमा पर्न सकेको छैन। पर्याप्त लगानीबिना गुणस्तरीय र समावेशी शिक्षा सम्भव हुँदैन।

मातृभाषामा शिक्षण अर्को महत्वपूर्ण पक्ष हो। बालबालिकाले आफ्नै भाषामा प्रारम्भिक शिक्षा प्राप्त गर्दा सिकाइ प्रभावकारी हुने तथ्य विभिन्न अध्ययनले प्रमाणित गरिसकेका छन्। तर मधेशजस्ता बहुभाषिक प्रदेशमा मातृभाषामार्फत शिक्षण अझै प्रभावकारी रूपमा लागू हुन सकेको छैन। यसले धेरै बालबालिकाको सिकाइ क्षमतामा प्रत्यक्ष असर गरिरहेको छ।

अर्कोतर्फ सार्वजनिक शिक्षाप्रति विश्वास घट्दै जानु र निजीकरणको प्रभाव बढ्दै जानुले पनि असमानता झन् गहिरो बनाएको छ। आर्थिक रूपमा कमजोर परिवारका बालबालिका कमजोर पूर्वाधार भएका विद्यालयमा पढ्न बाध्य छन् भने सम्पन्न वर्ग निजी विद्यालयतर्फ आकर्षित भइरहेको छ। यसले शिक्षामा वर्गीय विभाजनलाई थप संस्थागत बनाइरहेको छ। समावेशी शिक्षा केवल शिक्षा मन्त्रालयको दायित्व मात्र होइन। यो सामाजिक न्याय, समानता र समावेशी विकाससँग प्रत्यक्ष जोडिएको विषय हो। त्यसैले नीति निर्माणदेखि बजेट विनियोजन, शिक्षक व्यवस्थापन, पाठ्यक्रम विकास, मातृभाषामा शिक्षण, छात्रवृत्ति तथा लक्षित कार्यक्रमसम्म सबै तहमा समावेशितालाई केन्द्रमा राख्न आवश्यक छ ।

शिक्षामा लगानी खर्च होइन, भविष्यमा गरिने सबैभन्दा ठूलो लगानी हो। यदि राज्यले आज शिक्षा क्षेत्रमा पर्याप्त लगानी गर्न सकेन भने गरिबी, बेरोजगारी, सामाजिक विभेद र पछौटेपनको दुष्चक्र कहिल्यै अन्त्य हुने छैन । त्यसैले अब शिक्षा क्षेत्रमा राजनीतिक प्रतिबद्धता, पर्याप्त बजेट, प्रभावकारी कार्यान्वयन र समावेशी सोचको खाँचो छ। समृद्ध, समान र न्यायपूर्ण समाज निर्माणको आधार समावेशी शिक्षा नै हो। त्यसैले शिक्षा सबैको अधिकार हो भन्ने संवैधानिक घोषणालाई व्यवहारमा उतार्ने समय अब टरिसकेको छ ।

# के रास्वपाले खडा गर्ला विकासको कानूनी हाइवे ?

*भूमिनन्द बराल*

२५ फागुन २०८२ सम्मको राजनीतिक, प्रशासनिक र संवैधानिक विकासक्रमलाई सूक्ष्म रूपमा विश्लेषण गर्दा नेपाल एक अभूतपूर्व कानूनी र संरचनात्मक सङ्क्रमणको चौबाटोमा उभिएको देखिन्छ। ३ असोज २०७२ मा जारी भएको नेपालको संविधानले देशलाई एकात्मक र केन्द्रीकृत राज्यप्रणालीबाट सङ्घीय लोकतान्त्रिक गणतन्त्रमा रूपान्तरण त गर्‍यो, तर संविधानले परिकल्पना गरेका तहगत संरचनाहरू (सङ्घ, प्रदेश र स्थानीय तह) लाई पूर्ण रूपमा क्रियाशील बनाउन आवश्यक पर्ने आधारभूत कानूनहरूको निर्माणमा विगतका सरकार र परम्परागत राजनीतिक दलहरू नराम्ररी चुकेको यथार्थ हामीमाझ छ।

२०८२ सालको आम निर्वाचनमा बालेन्द्र शाह (बालेन) को नेतृत्वमा राष्ट्रिय स्वतन्त्र पार्टी (रास्वपा) ले प्रतिनिधिसभाका २७५ सिटमध्ये १८२ सिटमा विजय हासिल गर्दै दुईतिहाइ नजिकको एकल बहुमत प्राप्त गरेपछि राजनीतिक परिदृश्यमा युगान्तकारी परिवर्तन आएको छ। २०८२ भदौमा युवापुस्ताले 'सामाजिक सञ्जालमाथिको प्रतिबन्ध र सुशासनको अभाव' लाई लिएर गरेको देशव्यापी आन्दोलन पश्चात् संसद् विघटन भएको कुरा जगजाहेर नै छ।

यसै पृष्ठभूमिमा उदाएको रास्वपाको सरकारले अबको ५ वर्षभित्र २०७२ अघिका असान्दर्भिक कानूनहरूको परिमार्जन, संविधानबमोजिम बन्न बाँकी कानूनहरूको निर्माण र राज्यका तीनवटै अङ्गका कानूनहरू अद्यावधिक गर्नुपर्ने ऐतिहासिक अभिभारा बोकेको छ।

यस आलेखमा २०७२ सालभन्दा अघिका र पछिका कानूनहरूको वर्तमान अवस्था र रास्वपाको 'वाचापत्र-२०८२' बमोजिम आगामी ५ वर्षभित्र गर्नुपर्ने कानूनी सुधारको सघन विश्लेषण प्रस्तुत गरिएको छ।

*१. २०७२ अघिका कानून : सङ्घीयता कार्यान्वयनका मुख्य तगारो*

नेपालको सङ्घीयता कार्यान्वयनमा सबैभन्दा ठूलो नीतिगत तगारो वि.सं. २०७२ भन्दा अघिका, विशेषगरी पञ्चायतकालीन र २०४७ सालको संविधानको सेरोफेरोमा बनेका कानूनहरू हुन्। एकात्मक प्रणालीको केन्द्रीकृत मानसिकता बोकेका यस्ता कानूनले प्रदेश र स्थानीय तहको स्वायत्ततामाथि सिधै प्रहार गरेका छन्। नेपाल प्रहरी हालसम्म पनि वि.सं. २०१२ मा बनेको ६९ वर्ष पुरानो 'प्रहरी ऐन' द्वारा सञ्चालित छ। संविधानले शान्तिसुरक्षा र प्रादेशिक प्रहरी प्रशासनलाई प्रदेशको एकल अधिकार सूचीमा राखे तापनि सङ्घीय छाता ऐन नबन्दा प्रदेश सरकारहरूले आफ्नो प्रहरी संरचना परिचालन गर्न सकेका छैनन्। बागमती र मधेश प्रदेशले आफ्नै ऐन ल्याए पनि केन्द्रले प्रहरी समायोजन नगर्दा ती निष्क्रिय छन्। यसैगरी, प्रशासन संयन्त्र अझै २०४९ सालको 'निजामती सेवा ऐन' को पुरानै ढाँचामा चल्दा प्रादेशिक र स्थानीय तहमा कर्मचारीको चरम अभाव छ। जग्गा प्राप्ति ऐन (२०३४) र शिक्षा ऐन (२०२८) जस्ता पुराना कानूनले तल्लो तहको क्षेत्राधिकारलाई सङ्कुचित बनाएका छन्।

पुराना ऐन परिमार्जन नहुँदा गण्डकी प्रदेशको गोरखकाली रबर उद्योग र भृकुटी कागज कारखाना जस्ता आयोजना अलपत्र छन्। रास्वपा सरकारले यी पुराना कानूनलाई खारेज वा आमूल परिमार्जन गरी संविधानको अनुसूची ५, ६, ७, ८ र ९ सँग तादात्म्य राख्ने नयाँ कानून निर्माण गर्नुपर्ने प्राथमिक आवश्यकता छ।

*२. संविधानबमोजिम कानून निर्माणको कछुवा गति*

संविधान जारी भएको एक दशक बितिसक्दा पनि कार्यान्वयनका लागि आवश्यक दर्जनौं सङ्घीय कानून बन्न सकेका छैनन्। राष्ट्रिय सभाको विधायन व्यवस्थापन समितिको अध्ययन (जनवरी २०२५) ले कानूनी शून्यताको भयावह चित्र प्रस्तुत गरेको छ।

कुल १५१ वटा नयाँ कानून वा विद्यमान कानूनमा व्यापक परिमार्जन आवश्यक रहेकोमा जुलाई २०२३ सम्म जम्मा १११ वटा कानून मात्र निर्माण भएका छन्। करिब ४० वटा पुराना ऐनलाई पूर्ण प्रतिस्थापन गर्नुपर्ने अवस्था छ भने ३९ वटा महत्त्वपूर्ण विधेयक विधायिकी प्रक्रियामै प्रवेश गरेका छैनन्।

संविधानको धारा २५ (३) बमोजिम सम्पत्तिको हक र मुआब्जा, धारा १६६ बमोजिम घरबारविहीन नागरिकहरूको व्यवस्थापन, धारा ३१ को शिक्षाको हक र धारा ३५ को जनस्वास्थ्यका कानून अझै शून्यतामा छन्। २०८२ भदौमा संसद् विघटन हुँदा 'निजामती' र 'शिक्षा' विधेयक सहित ३८ वटा महत्त्वपूर्ण विधेयक निष्क्रिय हुन पुगेका थिए।

प्रदेशका २१ वटा अधिकार कार्यान्वयन गर्न सङ्घीय सरकारले ३५ वटा कानून निर्माण गर्नुपर्नेमा अधिकांश बाँकी नै छन्। झट्ट हेर्दा कर्मचारीको दोष जस्तो देखिए पनि कानूनको अभावमा देशको विकास कछुवा झैं थलिएको छ। आगामी ५ वर्षमा रास्वपाले यी शून्य अवस्थामा रहेका विधेयकलाई तत्काल पारित गर्नुपर्नेछ।

*३. राज्यका तीन अङ्गका कानून र रास्वपाको पाँचवर्षे मार्गचित्र*

नेपालको प्रशासनिक र शासकीय सुधारका लागि रास्वपाले 'वाचापत्र-२०८२' र 'नागरिक करार' मार्फत अघि सारेका सुधारका खाकाहरू यसप्रकार छन्:

*३.१ कार्यपालिका अन्तर्गतका कानून*

सङ्घीय निजामती सेवा ऐन: कर्मचारीतन्त्रको आकार घटाउन ५५ वर्षे उमेर हद वा ३० वर्षे सेवा अवधिको प्रावधान लागू गरी करिब १० हजार कर्मचारीलाई अनिवार्य अवकाश दिइनेछ। योग्यतामा आधारित प्रशासनयन्त्र निर्माण गर्दै ट्रेड युनियनमा हुने राजनीतिक आबद्धता पूर्ण रूपमा खारेज गरिनेछ।

सङ्घीय प्रहरी ऐन: पहिलो ६ महिनाभित्रै सङ्घीय प्रहरी ऐन पारित गरी प्रदेश प्रहरीको समायोजन सम्पन्न गरिनेछ। भ्रष्टाचार निवारण तथा सम्पत्ति शुद्धीकरण ऐन: २०४७ सालपछिका सार्वजनिक पद धारण गरेका व्यक्तिहरूको सम्पत्ति छानबिन गर्न उच्चस्तरीय आयोग गठन र अवैध सम्पत्ति राष्ट्रियकरण गरिनेछ।

सङ्घीय शिक्षा ऐन: शिक्षक र प्राध्यापकलाई राजनीतिमा लाग्न प्रतिबन्ध लगाइनेछ र माध्यमिक तहसम्म निःशुल्क शिक्षा सुनिश्चित गरिनेछ।

स्थानीय सरकार सञ्चालन ऐन: सबै स्थानीय सेवालाई डिजिटलाइज गर्न 'इ-गभर्नेन्स' को अनिवार्य प्रावधान थपिनेछ।

*३.२ व्यवस्थापिका अन्तर्गतका कानून*

निर्वाचन सम्बन्धी ऐन: पूर्ण समानुपातिक निर्वाचन प्रणाली लागू गर्ने, सांसदहरू मन्त्री बन्न नपाउने र 'प्रत्याह्वान' को अधिकारको व्यवस्था गरिनेछ।

अन्तरसरकारी वित्त व्यवस्थापन ऐन: स्रोतको केन्द्रीकरण अन्त्य गर्दै प्रदेश र स्थानीय तहलाई कुल बजेटको ६० प्रतिशत विनियोजन गरिनेछ।

जग्गा प्राप्ति तथा मुआब्जा ऐन: 'फास्ट ट्र्याक' परियोजनाका लागि 'सिङ्गल विन्डो' प्रणाली स्थापना र सुकुमवासी समस्या हजार दिनभित्र समाधान गरिनेछ।

स्थानीय निर्वाचन कानून: स्थानीय तहका निर्वाचनलाई पूर्ण रूपमा दलीय प्रभावमुक्त बनाइनेछ।

*३.३ न्यायपालिका अन्तर्गतका कानून*

न्यायपरिषद् र अदालत व्यवस्थापन कानून: योग्यतामा आधारित न्यायाधीश नियुक्ति सुनिश्चित गरिनेछ र अदालतको कामकारबाही प्रत्यक्ष प्रसारण गरिनेछ।

सङ्क्रमणकालीन न्यायसम्बन्धी ऐन: अन्तर्राष्ट्रिय मापदण्ड र सर्वोच्च अदालतको फैसला अनुरूप द्वन्द्वपीडितलाई न्याय सुनिश्चित गरिनेछ।

*४. कानून अभावका गम्भीर असरहरू*

कानून निर्माणमा भएको ढिलाइ प्राविधिक त्रुटि मात्र नभई शक्ति केन्द्रीकृत गरिरहने परम्परागत दलहरूको रणनीतिक हतियार थियो। यसका गम्भीर असरहरू देखा परेका छन्:

***प्रदेशको आक्रोश :*** प्रहरी र प्रशासनको साँचो सिंहदरबारमै राख्ने प्रवृत्तिले प्रदेश सरकारहरू 'विना दाँतको बाघ' जस्ता भएका छन्, जसले सङ्घीयताप्रति अविश्वास बढाएको छ।

***संस्थागत स्मरणको जोखिम:*** नयाँ निजामती कानून मार्फत एकैपटक १० हजार उच्च कर्मचारी बाहिरिंदा राज्य संयन्त्रले 'संस्थागत स्मरण' गुमाउने जोखिम रहन्छ। साथै, पेन्सनको ठूलो आर्थिक भार व्यवस्थापन गर्नु चुनौतीपूर्ण हुनेछ।

***विधिको शासनमा प्रहार:*** संसद्ले 'फौजदारी मुद्दामा ३ वर्षभन्दा बढी कैद सजाय भए मात्र सांसद निलम्बन हुने' जस्ता विरोधाभासपूर्ण कानून बनाउँदा भ्रष्टाचार निवारणको अभियान फितलो साबित भएको छ।

*सरकारले तत्काल गर्नुपर्ने ५ कामहरू*

प्राप्त अभूतपूर्व जनमतलाई संस्थागत गर्न रास्वपाले निम्न कदम चाल्नुपर्नेछ:

***१. सम्पत्ति छानबिन:*** सरकार गठन भएको १५ दिनभित्र विज्ञ सहितको उच्चस्तरीय आयोग बनाई पहिलो चरणमा दोस्रो जनआन्दोलनपछिका र दोस्रो चरणमा २०४७ देखि २०६३ सम्मका अधिकारीहरूको सम्पत्ति छानबिन गर्ने काम शुरु भए पनि त्यो अझै सीमित छ।

***२. संविधान संशोधनको बहस:*** प्रत्यक्ष निर्वाचित कार्यकारी, पूर्ण समानुपातिक व्यवस्थापिका र गैरदलीय स्थानीय तहका लागि संविधान संशोधन गर्ने। यद्यपि, संविधानविद्हरूको सल्लाहबमोजिम पहिले निष्क्रिय कानूनहरूलाई पूर्णता दिएर मात्र संशोधनमा जानु बुद्धिमानी हुनेछ।

***३. आर्थिक र डिजिटल सुशासन:*** 'लाइन होइन, अनलाइन' अवधारणा अनुरूप डिजिटल हस्ताक्षरलाई कानूनी मान्यता दिने। वैदेशिक लगानी भित्र्याउन सहज कानून र गैरआवासीय नेपालीलाई विदेशबाटै मतदानको व्यवस्था गर्ने। सहकारी ठगीमा संलग्नको सम्पत्तिबाटै बचतकर्ताको रकम फिर्ता गराउने कडा कानून ल्याउने।

***४. सामाजिक न्याय:*** सीमान्तकृत र दलित समुदायमाथि भएको ऐतिहासिक विभेदप्रति राज्यले माफी माग्ने र स्रोतको न्यायोचित वितरण गर्ने कानूनी खाका निर्माण गर्ने।

*कि गर, कि मरको अवस्था*

२५ फागुन २०८२ गतेसम्मको परिदृश्यले नेपालको सङ्घीय लोकतान्त्रिक गणतन्त्र संरचनात्मक रूपमा मात्र सीमित र सारमा केन्द्रीकृत नै रहेको प्रमाणित गर्छ। आजको दिनमा झन्डै ८०० भन्दा बढी पुराना कानूनलाई समयसापेक्ष बनाउन जरुरी भइसकेको छ भने देश विकासको कानूनी हाइवे निर्माण गर्न थप ६०० भन्दा बढी नयाँ कानूनको आवश्यकता छ। यसका साथै अदालतले प्रतिपादन गरेका नजिरहरूलाई कानून संशोधन गरी सम्बोधन गर्न बाँकी नै छ। कानूनका छिद्रबाट बिचौलिया मौलाउने र तजबिजी निर्णयले समाजलाई त्रसित पार्ने अवस्थाको अन्त्य गर्न दुईतिहाइ बहुमत प्राप्त रास्वपा सरकारले आफ्ना प्रतिबद्धताहरूलाई युद्धस्तरमा अगाडि बढाउनुको विकल्प छैन।

रास्वपा आज कि गर, कि मरको ऐतिहासिक मोडमा उभिएको छ। यस्तो अवस्थामा पार्टी सङ्गठन सञ्चालन र संसदीय/सरकारको भूमिकालाई पूर्ण रूपमा अलग राखेर परिणाममुखी काम गर्नु नै रास्वपाको सफलताको कडी हुनेछ। सङ्घीयताको सफल कार्यान्वयन, सुशासन र आर्थिक समृद्धिको त्रिकोणात्मक लक्ष्य हासिल गर्न यी कानूनी अद्यावधिकहरू नै 'नयाँ नेपाल' निर्माणका बलिया आधारस्तम्भ साबित हुनेछन्।

*(लेखक रास्वपा आबद्ध छन्।)*

## तपाईंको आज

मेष : दिन शुभ फलदायक छ। कार्य सिद्धि, द्रव्य लाभ, विजय, काममा सफलता हुन सक्छ ।

वृष : बिहान तनाव, दौडधूप भए पनि दिनभर सुख-सन्तोष, कार्य सिद्धि हुने सम्भावना छ ।

मिथुन : बिहानको समयमा धनप्राप्ति, प्रतिष्ठा बढ्ला तर त्यसपछि भने विवाद नहोला भन्न सकिन्न ।

कर्कट : शुरुमा तनाव, खर्च भए पनि दिनभर समय शुभ छ । ऐश्वर्य प्राप्ति, सन्तोष होला ।

सिंह : बिहानको समय उपहारादि वस्तु प्राप्ति तर त्यसपछि खर्च, धन हानि हुने सम्भावना छ ।

कन्या : दिनको शुरुवातमा नोक्सानी नहोला भन्न सकिन्न । त्यसपछि भने लाभ, सफलता होला ।

तुला : शुरुमा मिष्ठान्न भोजन, पैसा प्राप्तिको सम्भावना छ तर त्यसपछि दिनभर तनाव होला ।

वृश्चिक : दिन शुभ फलदायक छ । स्वस्थता, स्फूर्ति बढ्ने, इष्टमित्रसँग भेटघाट, लाभ हुन सक्छ ।

धनु : समय बलवान् छ । मान-सम्मान, राजनीतिक सफलता, कामकाज सफल हुने देखिन्छ ।

मकर : बिहान कार्य असफल भए पनि दिनभर राज्यबाट सुख, मान-प्रतिष्ठा वृद्धिको सम्भावना छ ।

कुम्भ : शुरुमा समस्या सुल्झने, सम्मान बढ्ने तर त्यसपछि भने दुःख-कष्ट आइपर्न सक्छ ।

मीन : तपाईंका लागि समय शुभ छ । परीक्षा, खेलकुद, मुद्दा आदिमा विजय, प्रतिष्ठा वृद्धि होला ।

## आवश्यक टेलिफोन नम्बरहरू

| एम्बुलेन्स | |
|---|---|
| मिथिला युवा समाज नेपाल | ९८४४१०४३४४,०४१-५२८९०६ |
| श्री गणेश युवा कमिटी | ९८०१६२५४२४,९८५४०२७७०३ |
| श्री विश्वकर्मा युवा कमिटी | ९८१५८९४४९५,९८१२०९२४८५ |
| सिर्जनसिल युवा परिवार (वीरेन्द्र बजार) | ९८४४९९०५,९८०४८०५६४३ |
| माँ सहयोगी नेपाल (देवडिहा-१) | ९८०१६०४३८९ |
| नव मिथिला युवा कमिटी | ९८५४०२८३०३,९८०७८९९८८१ |
| मिथिला स्वास्थ्य सहकारी संस्था | ९८५४०२२४७४,९८०१६२२४७४ |
| रामानन्द युवा क्लव | ९८०४८२७४०५ |
| एम्बुलेन्स रेडक्रस | १०२,०४१-५२०८७० |
| मिथिलाञ्चल विकास केन्द्र एम्बुलेन्स | ९८१५८९३००५,०४१-५२५४४८ |
| धनुषा अस्पताल पा.लि. | ५२४७७०, ५२५८०० |

| प्रहरी कार्यालय | |
|---|---|
| जिल्ला प्रहरी कार्यालय | ०४१-५२००९९,१०० |
| सशस्त्र प्रहरी बल मुजेलिया | ०४१-५२७९०५,५२७२१३ |
| सुरक्षा गुल्म जनकपुर ब्यारेक | ०४१-५२६५८६ |
| ट्राफिक प्रहरी कार्यालय जिरोमाइल | ०४१-५२०३६६ |
| जानकी प्रहरी चौकी जानकी चौकी | ०४१-५२०३४४ |
| इलाका प्रहरी कार्यालय स्टेशन | ०४१- |
| मुजेलिया प्रहरी चौकी | ०४१-५२०७५० |
| हनुमान नगर प्रहरी चौकी | |
| प्रहरी चौकी बलवा टोल | |

| अस्पतालहरू | |
|---|---|
| जनकपुर अञ्चल अस्पताल | ०४१-५२००३३ |
| जिल्ला जनस्वास्थ्य कार्यालय | ०४१-५२०६२८, ५२६२७१ |
| धनुषा अस्पताल पा.लि. | ५९०८००, ५२५८०० |
| आँखा अस्पताल | ०४१-५२०३९७ |
| बछार प्रसुति केन्द्र | ५२२४५७ |

| महत्वपूर्ण कार्यालयहरू | |
|---|---|
| जनकपुर उपमहानगरपालिका | ०४१- |
| बरुण यन्त्र जउमनपा | ०४१-५२००११ |
| बस पार्क | ०४१-५२०९९८ |
| जनकपुर विमान स्थल | ०४१-५२००४४ |
| बुद्ध एयर | ०४१-५२५०२१, ५२५०२२ |
| यति एयर | ०४१-५२५००४७, ५२५०२२ |
| विद्युत फयुज शाखा | ०४१-५२०१५१ |
| जानकी केवुल | ०४१-५२३७२८ |
| शाह केबुल | ०४१-५२४७२२ |

# सुस्तावासीको सरकारसँग कूटनीतिक पहलको माग

दैनिक समाचारदाता

काठमाडौं, १४ असार । नवलपरासीको सुस्ता क्षेत्रका बासिन्दाले सीमा विवाद, भारतीय अतिक्रमण, नागरिकताविहीनता र राज्यको बेवास्ताप्रति गम्भीर असन्तुष्टि जनाउँदै सरकारसँग तत्काल कूटनीतिक पहल गर्न माग गरेका छन् । बुटवलमा आइतबार पत्रकार सम्मेलन गर्दै सुस्ता बचाउ अभियान र सुस्ता बचाउ युवा अभियानले प्रधानमन्त्रीको संसद्मा व्यक्त सीमासम्बन्धी अभिव्यक्तिपछि भारतीय सुरक्षा निकायबाट स्थानीयवासी थप त्रसित बनेको दाबी गरे। सरकारबाट आफ्ना मागको सुनुवाइ नभएकाले एक–दुई दिनभित्र काठमाडौं पुगेर माइतीघर मण्डलामा धर्ना दिने तयारी गरिएको उनीहरूले जनाएका छन्।




सुस्ता बचाउ अभियानका अगुवा मुन्ना खाँले भारतले सुस्ताको ठूलो भूभाग अतिक्रमण गरे पनि नेपाल सरकारले त्यसलाई फिर्ता ल्याउन प्रभावकारी पहल नगरेको आरोप लगाए। उनका अनुसार सुस्ताका करिब १२० परिवार अझै नागरिकताविहीन छन्, जसका कारण भारतीय पक्षले नेपाली भूमि अतिक्रमण गर्न थप सहज भएको छ।

अर्का स्थानीय अब्दुल अन्सारीले नागरिकता नहुँदा आफूहरूलाई नेपाली नागरिकका रूपमा स्वीकार नगरी भारतीय पक्षबाट अपमानजनक व्यवहारसमेत सहनुपरेको गुनासो गरे। उनले चार दशकदेखि बसोबास गरिरहेका स्थानीयलाई नागरिकता नदिँदा भूमि अतिक्रमणविरुद्ध आवाज उठाउनसमेत कठिन भएको बताए।

सुस्ता बचाउ अभियानका कार्यवाहक अध्यक्ष आदम खाँले गत २९ जेठमा भारतीय सीमा सुरक्षा बल (एसएसबी) सुस्ता क्षेत्रमा प्रवेश गरी स्थानीयलाई त्रसित बनाएको घटनाको निन्दा गर्दै नेपालको सार्वभौमिकता र भौगोलिक अखण्डतामाथिको हस्तक्षेप तत्काल रोक्न सरकारसँग माग गरे।

उनले नयाँ सरकार गठनसँगै सुस्ताको सीमा समस्या समाधान हुने अपेक्षा गरिए पनि पछिल्ला घटनाक्रमले स्थानीयलाई पुनः असुरक्षा र अन्योलमा धकेलेको बताए।

सुस्ता गाउँपालिका–५ का बाबु खाँले नागरिकता अभावका कारण शिक्षा, स्वास्थ्य, सरकारी सेवा तथा रोजगारीजस्ता आधारभूत अधिकारबाट वञ्चित हुनुपरेको उल्लेख गर्दै तत्काल नागरिकता वितरण र वर्षौंदेखि भोगचलन गर्दै आएको जग्गाको नापजाँच गरी लालपुर्जा उपलब्ध गराउन माग गरे।

उनले प्रधानमन्त्रीसहित सरकारी पदाधिकारीलाई सीमा जस्तो संवेदनशील विषयमा आधिकारिक तथ्य र अभिलेख अध्ययन नगरी सार्वजनिक अभिव्यक्ति नदिन आग्रह गरे। संसद्मा प्रधानमन्त्रीको अभिव्यक्तिपछि नारायणी नदी कटान नियन्त्रणका लागि निर्माण भइरहेको ग्याबिन जालीको करिब १३२ मिटर क्षेत्रमा भारतीय पक्षले अवरोध गरेको पनि उनले दाबी गरे।

भारतीय वन विभागले आफ्नो क्षेत्राधिकार दाबी गर्दै नारायणी नदीतर्फ तारबार निर्माण गरिरहेको र त्यसप्रति नेपाल सरकारले प्रभावकारी प्रतिक्रिया नजनाएको अभियानको आरोप छ।

सुस्ता बचाउ युवा अभियानका अध्यक्ष योगेन्द्र गौतमका अनुसार सरकारी अभिलेखमा करिब ४० हजार ९८० हेक्टर नेपाली भूमि रहेको सुस्तामध्ये अहिले करिब ७ हजार हेक्टर मात्रै नेपालीको भोगचलनमा रहेको छ। बाँकी ठूलो भूभाग भारतीय सुरक्षा बलको नियन्त्रण, अतिक्रमण वा विवादमा रहेको उनले बताए।

अभियानका प्रवक्ता रवीन्द्र जैसवालले सुस्ताको समस्या समाधानका लागि विगतमा विभिन्न प्रधानमन्त्री तथा उच्च राजनीतिक नेतृत्वको ध्यानाकर्षण गराइएको र संयुक्त राष्ट्रसंघमा समेत ज्ञापनपत्र बुझाइसकिएको जानकारी दिए।

अभियानले सरकारसँग नेपाली भूमि अतिक्रमण रोक्न प्रभावकारी कूटनीतिक पहल, सुस्तावासीलाई तत्काल नागरिकता वितरण, भोगचलनको जग्गाको नापजाँच गरी लालपुर्जा उपलब्ध गराउने, सीमा सुरक्षा सुदृढ गर्ने, शिक्षा, स्वास्थ्य, सडक र सञ्चारजस्ता आधारभूत सेवाको पहुँच सुनिश्चित गर्ने तथा सीमा सम्बन्धी विषयमा आधिकारिक तथ्यका आधारमा मात्र सरकारी धारणा सार्वजनिक गर्न माग गरेको छ। सुस्ता बचाउ अभियानका अध्यक्ष आदम खाँ र सुस्ता बचाउ युवा अभियानका अध्यक्ष योगेन्द्र गौतमद्वारा हस्ताक्षरित विज्ञप्तिमा सुस्ताको सीमा विवादको स्थायी समाधान, राष्ट्रिय सीमा सुरक्षा तथा सुस्तावासीको अस्तित्व र अधिकारको संरक्षणका लागि सरकारले तत्काल ठोस कदम चाल्न आग्रह गरिएको छ। माग सम्बोधन नभए थप सशक्त आन्दोलनका कार्यक्रम घोषणा गरिने चेतावनी पनि अभियानले दिएको छ।

# ‘यसै वर्ष स्वदेश फर्कन्छु’ : शेख हसिना

काठमाडौं १४ असार । बङ्गलादेशकी पूर्वप्रधानमन्त्री शेख हसिनाले आफू यसै वर्ष स्वदेश फर्कने घोषणा गरेकी छिन्। मानवताविरुद्धको अपराधसम्बन्धी मुद्दामा अनुपस्थितिमै मृत्युदण्डको सजाय सुनाइएपछि उनले यस्तो प्रतिक्रिया दिएकी हुन्।



७८ वर्षीया हसिना विद्यार्थी नेतृत्वको आन्दोलनपछि सन् २०२४ को अगस्टमा १५ वर्ष लामो शासन अन्त्य भएपछि भारतमा आश्रय लिइरहेकी छिन्। त्यसयता उनी सार्वजनिक रूपमा निकै कम देखिएकी छन्। गत जनवरीमा भने उनले नयाँदिल्लीस्थित प्रेस क्लबबाट भिडियोमार्फत सम्बोधन गरेकी थिइन्।

भारतीय टेलिभिजन एनडीटीभीसँगको अन्तर्वार्तामा हसिनाले आफूविरुद्धको फैसला गैरकानुनी, असंवैधानिक र राजनीतिक उद्देश्यले प्रेरित भएको दाबी गर्दै मृत्युदण्डको सजायबाट नडराउने बताइन्।

उनले भनिन्, “मेरोविरुद्ध धेरै षड्यन्त्र गरिए। तर ती सबै पार गर्दै म जनताको मतबाट पाँच पटक प्रधानमन्त्री निर्वाचित भएँ र देशको विकासका लागि काम गरेँ।”

स्वदेश फर्किनेबारे सोधिएको प्रश्नमा उनले भनिन्, “सबै बाधा र षड्यन्त्र पार गर्दै म यसै वर्ष आफ्नो देश फर्कनेछु।”

गत नोभेम्बरमा ढाकाको एक अदालतले आन्दोलनका क्रममा हिंसा भड्काएको, हत्या गर्न आदेश दिएको तथा अत्याचार रोक्न असफल भएको ठहर गर्दै हसिनालाई अनुपस्थितिमै मृत्युदण्डको सजाय सुनाएको थियो।

यसैबीच, हसिनाको नेतृत्वमा रहेको पूर्वसत्तारुढ अवामी लिगका गतिविधिलाई पनि बङ्गलादेशमा गैरकानुनी घोषणा गरिएको छ।

उता, गत फेब्रुअरीमा बङ्गलादेशमा सम्पन्न निर्वाचनपछि प्रधानमन्त्री तारिक रहमानको नेतृत्वमा नयाँ सरकार गठन भएसँगै भारत–बङ्गलादेश सम्बन्धमा केही सुधार आएको बताइए पनि हसिनाको सुपुर्दगीको विषयमा दुवै देशबीच मतभेद कायम रहेको छ। रासस

## दलित......

गर्दै उनले दलित समुदायको न्यून राजनीतिक पहुँच, अशिक्षा, बेरोजगारी र गरिबीलाई यसको प्रमुख कारण बताइन्। जनचेतना विस्तारका लागि वडा तहसम्म अभियान सञ्चालन गर्नुपर्ने आवश्यकता उनले औंल्याइन्।

उनले दलित समुदायमाथि शोषण, दमन, हिंसा र हत्या बढी हुने भए पनि समृद्धि, शिक्षा, एकता र नेतृत्व विकासमा अवस्था कमजोर रहेको उल्लेख गर्दै त्यसमा सुधारका लागि सबै पक्ष लाग्नुपर्नेमा जोड दिइन्।

खेलकुद तथा समाज कल्याण मन्त्रालयका सचिव सुशीलकुमार साहले मधेश प्रदेशमा उल्लेख्य जनसंख्या रहेको दलित समुदायको नेतृत्व विकास र राज्यका सबै निकायमा प्रभावकारी पहुँच सुनिश्चित गर्नु आवश्यक रहेको बताए। उनले दलित विकास समिति प्रदेश सरकारले दलित समुदायको उत्थान, विकास र समृद्धिका लागि स्थापना गरेको महत्वपूर्ण संयन्त्र भएको उल्लेख गर्दै अन्तरक्रियाबाट प्राप्त सुझावले नीति तथा कार्यक्रम निर्माणमा सहयोग पुग्ने विश्वास व्यक्त गरे।

सचिव साहले चालु आर्थिक वर्षको बजेटमा दलित समुदाय लक्षित विभिन्न कार्यक्रम समावेश गरिएको जानकारी दिँदै ती कार्यक्रमको प्रभावकारी कार्यान्वयनका लागि समुदायको सक्रिय सहभागिता आवश्यक रहेको बताए।

कार्यक्रममा सहभागीहरूले दलित समुदायको नेतृत्व विकास, राज्यका सबै निकायमा समानुपातिक प्रतिनिधित्व तथा शिक्षामा पहुँच विस्तारलाई प्राथमिकतामा राख्नुपर्नेमा जोड दिए। उनीहरूले कानुन निर्माण भए पनि प्रभावकारी कार्यान्वयन हुन नसकेको, नीति तथा बजेट विनियोजनमा समेत विभेद हुने गरेको आरोप लगाउँदै दलित अधिकार सुनिश्चित गर्न निरन्तर सचेतना र संघर्ष आवश्यक रहेको धारणा व्यक्त गरे।

कार्यक्रममा मिडिया काउन्सिलका पूर्वअध्यक्ष कैलास दासले मधेश प्रदेशमा दलित समुदायको आर्थिक, सामाजिक, सांस्कृतिक तथा राजनीतिक अवस्थासम्बन्धी कार्यपत्र प्रस्तुत गर्दै प्रदेशमा करिब १८ प्रतिशत दलित जनसंख्या भए पनि उनीहरूको विकास, समृद्धि र राज्यका निकायमा पहुँच विस्तारका लागि अपेक्षित पहल हुन नसकेको बताए। उनले विगतमा प्रदेश सरकारले कुल बजेटको करिब ०.७९ प्रतिशत मात्र दलित समुदायका लागि विनियोजन गरेको तथ्य प्रस्तुत गर्दै त्यसलाई विभेदपूर्ण अभ्यासको संज्ञा दिए।

त्यसैगरी इन्सेक मधेश प्रदेश संयोजक राजु पासमानले नेतृत्व विकाससम्बन्धी कार्यपत्र प्रस्तुत गर्दै दलित समुदायको राजनीतिक पहुँच कमजोर हुनुका कारण, सामाजिक विभेद, नेतृत्व विकासका चुनौती तथा समावेशी नेतृत्वका आवश्यक गुणबारे चर्चा गरे। उनले उत्तरदायित्व, पारदर्शिता, समावेशिता र समस्या समाधान गर्ने क्षमता प्रभावकारी नेतृत्वका आधारभूत विशेषता भएको बताए।

कार्यक्रममा नेपाल पत्रकार महासंघका केन्द्रीय सदस्य सिकेन्द्र पासमान, महासंघ बारा शाखाका उपाध्यक्ष पन्नालाल दास तथा विभिन्न राजनीतिक दलका प्रतिनिधिहरूले पनि धारणा राखेका थिए।

समापनका क्रममा समितिका उपाध्यक्ष जितेन्द्र पासमानले दलित समुदायको उत्थानका लागि तयार गरिएका नीतिगत सुझाव प्रदेश सरकारसमक्ष पेश गरिएको र ती सुझाव आगामी बजेट तथा कार्यक्रममा समेटिने विश्वास व्यक्त गरे।

## वातावरण.....

व्यवस्थापन, जलस्रोत संरक्षण तथा जैविक विविधताको संवर्द्धनमा विशेष ध्यान दिनुपर्ने धारणा राखे। उनले जल, वायु, माटो र ध्वनि प्रदूषणले मानव स्वास्थ्यमा गम्भीर असर पारिरहेको तथा स्वच्छ खानेपानीको अभाव र जल प्रदूषणका कारण विभिन्न जटिल रोगको जोखिम बढ्दै गएको बताए।

इन्सेक मधेश प्रदेशका संयोजक राजु पासमानको अध्यक्षतामा भएको सो कार्यक्रममा वातावरणविद् इन्जिनियर रत्नेश्वरलाल कर्णले वातावरण संरक्षण मानव अधिकारसँग प्रत्यक्ष रूपमा जोडिएको विषय भएको बताए। उनले स्वच्छ खानेपानी प्रत्येक नागरिकको आधारभूत अधिकार भएकाले पानीका स्रोतहरूको संरक्षण र प्रदूषण नियन्त्रणमा विशेष ध्यान दिनुपर्ने धारणा राखे।

कर्णले कृषि क्षेत्रमा रासायनिक मलको असन्तुलित प्रयोगले माटो, पानी र मानव स्वास्थ्यमा नकारात्मक असर पार्ने भएकाले यसको सन्तुलित तथा सुरक्षित प्रयोग आवश्यक रहेको बताए। जलवायु परिवर्तन तथा वातावरणीय विपद्को जोखिम व्यवस्थापनका लागि सरकारले वातावरणीय आपत्कालीन कोष स्थापना गर्नुपर्ने आवश्यकता औंल्याउँदै वातावरण संरक्षणलाई मानव अधिकारको अभिन्न पक्षका रूपमा अघि बढाउनुपर्नेमा जोड दिए।

वातावरणीय विज्ञ अजित श्रीवास्तवले जलवायु परिवर्तनका कारण विश्वव्यापी रूपमा तापक्रम वृद्धि, अनियमित वर्षा, खडेरी, बाढी तथा प्राकृतिक विपद्का घटना बढ्दै गएको बताए। उनका अनुसार हरितगृह ग्यासको अत्यधिक उत्सर्जन ग्लोबल वार्मिङको प्रमुख कारण हो।

उनले विकास निर्माणका आयोजना सञ्चालनअघि वातावरणीय प्रभाव मूल्याङ्कन ( ईआईए) प्रभावकारी रूपमा कार्यान्वयन गर्नुपर्नेमा जोड दिँदै त्यसले वातावरणमा पर्न सक्ने नकारात्मक असर न्यूनीकरण गर्न सहयोग पुग्ने बताए। साथै जलवायु परिवर्तनका असर न्यूनीकरणका लागि हरित पूर्वाधार, स्वच्छ ऊर्जा, प्रभावकारी फोहोर व्यवस्थापन, खुला क्षेत्र संरक्षण तथा हरियाली प्रवर्द्धनमार्फत दिगो सहर निर्माण गर्नुपर्ने धारणा व्यक्त गरे।

कार्यक्रममा वातावरण संरक्षण अभियानमा सक्रिय दीपु ठाकुर, धीरज शाह, जमुना भुजेललगायतले वातावरण संरक्षण र मानव अधिकारबीचको सम्बन्धबारे आ( आफ्ना धारणा राखेका थिए।

इन्सेक मधेश प्रदेशका संयोजक राजु पासमानले वातावरणीय मानव अधिकारसम्बन्धी अवधारणा र यसको वर्तमान अवस्थाबारे प्रकाश पारेका थिए।


## गर्मीबाट बचौं, स्वास्थ्य जोगाऔं !

### अत्यधिक गर्मीमा सावधानी अपनाऔं

तातो मौसममा लापरवाहीले चक्कर आउने, बेहोस हुने, डिहाइड्रेसन, हीट एक्सहस्टन र हीट स्ट्रोकजस्ता समस्या हुन सक्छन्। विशेष गरी बालबालिका, ज्येष्ठ नागरिक, गर्भवती महिला र दीर्घरोगीहरू बढी जोखिममा हुन्छन्।

*प्रशस्त पानी पिउनुहोस्*

तिर्खा नलागे पनि पटक–पटक पानी, जुस, झोलिलो खाना वा ओआरएस सेवन गर्नुहोस्। अत्यधिक चिनी वा मदिरायुक्त पेयबाट टाढा रहनुहोस्।

*हल्का कपडा लगाउनुहोस्*

सूती तथा हल्का रङका कपडा, टोपी वा छाता प्रयोग गर्नुहोस्।

*घाममा कम निस्कनुहोस्*

विशेषगरी दिउँसो ११ बजेदेखि ४ बजेसम्मको कडा घामबाट जोगिनुहोस्। आवश्यक परे छायाँमा विश्राम लिनुहोस्।

*पौष्टिक र झोलिलो खाना खानुहोस्*

फलफूल, सागसब्जी, दही, जाउलो, सातुजस्ता हल्का तथा पोषिलो खाना उपयोगी हुन्छन्।

*घर र कार्यस्थल चिसो राख्नुहोस्*

झ्याल–ढोका खोलेर हावा चल्ने व्यवस्था गर्नुहोस्, पर्दा प्रयोग गर्नुहोस् र सम्भव भए पंखा वा कुलरको सुरक्षित प्रयोग गर्नुहोस्।

*यी लक्षण देखिए तुरुन्त सावधानी अपनाउनुहोस्*

अत्यधिक पसिना आउने, कमजोरी, चक्कर लाग्ने, टाउको दुख्ने, वाकवाकी लाग्ने, शरीर धेरै तातो हुने वा बेहोस हुने। यस्तो भए व्यक्तिलाई चिसो स्थानमा सार्नुहोस्, पानी पिलाउनुहोस् र आवश्यक परे स्वास्थ्य संस्थामा सम्पर्क गर्नुहोस्।

*सावधानी अपनाऔं, गर्मीबाट सुरक्षित रहौं।*

स्वस्थ नागरिक, सुरक्षित समाज

**मुखियापट्टी मुसहरनिया गाउँपालिकाको कार्यालय**

धनुषा, मधेश प्रदेश



विहानको सुरुवात ताजा समाचारसँगै । विहान-विहानै देश-दुनियाँका ताजा, विश्वसनीय र विश्लेषणात्मक समाचार पढ्नुस् –तपाईंको आफ्नै पत्रिका । साथै जहाँ पत्रिका उपलब्ध छैन त्यहाँका लागि-

Website www.esamachardainik.com

राष्ट्रिय दैनिक समाचार दैनिक जनकपुर

# संघीयतामाथिको आक्रमण स्वीकार्य छैन : मेचे

दैनिक समाचारदाता
जनकपुरधाम, १४ असार । संघीय संसद राष्ट्रियसभा अन्तर्गतको संघीयता सबलीकरण तथा राष्ट्रिय सरोकार समितिले आइतबार जनकपुरधाममा संघीयता कार्यान्वयनको अवस्था, तहगत समन्वय तथा राष्ट्रिय सरोकारका विषयमा अन्तरक्रिया तथा स्थलगत अनुगमन गरेको छ।

जनकपुरधाम उपमहानगरपालिकाको सभाहलमा आयोजित कार्यक्रममा संघ, प्रदेश र स्थानीय तहबीचको समन्वय, वित्तीय तथा प्रशासनिक संघीयताको कार्यान्वयन, आवश्यक कानुन निर्माण, स्रोत व्यवस्थापन, आयोजना कार्यान्वयन, राष्ट्रिय सम्पदाको संरक्षण तथा समन्यायिक विकासलगायत विषयमा छलफल गरिएको थियो।

कार्यक्रमलाई सम्बोधन गर्दै समितिकी सभापति रोशनी मेचेले संघीय व्यवस्थामाथि भइरहेका टिप्पणी र प्रहारप्रति गम्भीर चिन्ता व्यक्त गर्दै संघीयतामाथिको कुनै पनि आक्रमण स्वीकार्य नहुने बताइन्। उनले संघीय शासन प्रणालीलाई थप प्रभावकारी, उत्तरदायी र जनमुखी बनाउँदै यसको सफल कार्यान्वयनमा सबै तह र पक्ष जिम्मेवार बन्नुपर्ने आवश्यकता औंल्याइन्।



उनले पछिल्लो समय सामाजिक न्यायको अवस्था कमजोर बन्दै गएको उल्लेख गर्दै लैङ्गिक हिंसा, श्रम शोषण र विभेदजन्य गतिविधिले सभ्य समाज निर्माणमा चुनौती थपिरहेको बताइन्। यस्ता विकृतिको अन्त्यका लागि राज्यका सबै तह र सरोकारवाला निकायबीच प्रभावकारी सहकार्य आवश्यक रहेको उनको भनाइ थियो।

जनकपुरधाम उपमहानगरपालिकाका नगरप्रमुख मनोजकुमार साहले स्थानीय तहले संघीयताको मर्मअनुसार सेवा प्रवाह र विकास निर्माणका काम अघि बढाइरहेको उल्लेख गर्दै संघ र प्रदेशसँगको समन्वय अझ प्रभावकारी हुनुपर्ने धारणा राखे।

कार्यक्रममा समितिका सदस्य मनरूपा शर्मा र धर्मेन्द्र पासमान, उपप्रमुख किशोरी साह, वडाध्यक्षहरू, कार्यपालिका सदस्य, प्रमुख प्रशासकीय अधिकृत, विभिन्न सरकारी कार्यालयका प्रमुख, सुरक्षा निकायका प्रतिनिधि तथा अन्य सरोकारवाला निकायका पदाधिकारीहरूको सहभागिता रहेको थियो।

समितिले अन्तरक्रिया तथा स्थलगत अनुगमनबाट संघीयता कार्यान्वयनमा देखिएका चुनौती, कानुनी तथा प्रशासनिक सुधारका आवश्यकता तथा तीन तहबीचको समन्वयलाई थप प्रभावकारी बनाउने विषयमा सुझाव संकलन गरिएको जनाएको छ।

# कोशीलाई निको कपको उपाधि



दैनिक समाचारदाता
जनकपुरधाम १४ असार । निको कप महिला टी-२० राष्ट्रिय क्रिकेट प्रतियोगिता-२०८३ को उपाधि कोशी प्रदेशले जितेको छ।

मधेश प्रदेशको खेलकुद तथा समाज कल्याण मन्त्रालय, मधेश खेलकुद परिषद् र नेपाल खेलकुद महासङ्घको संयुक्त आयोजनामा पर्साको वीरगञ्जमा शनिबार सम्पन्न फाइनलमा नेपाल एपिएफ क्लबलाई ११ रनले पराजित गर्दै कोशी प्रदेश च्याम्पियन बनेको हो।

प्रतियोगिताका अधिकांश खेल जनकपुरधामस्थित निर्माणाधीन रामजानकी बहुउद्देश्यीय अन्तर्राष्ट्रिय रङ्गशालामा खेलाइए पनि एक सेमिफाइनल र फाइनल खेल वीरगञ्जमा आयोजना गरिएको थियो।

टस जितेर पहिले ब्याटिङ गरेको कोशी प्रदेशले निर्धारित २० ओभरमा ४ विकेट गुमाउँदै ९८ रन बनायो। उसका लागि काजल श्रेष्ठले ५१ बलमा ३८ रन, प्रीसा राना मगरले १६, रुबिना क्षेत्रीले १२ तथा लखिता राजवंशीले १० रनको योगदान दिए। एपिएफका सुमन विष्ट, सवनम राई, कविता जोशी र सीता राना मगरले समान एक-एक विकेट लिए।

९९ रनको लक्ष्य पछ्याएको एपिएफ १९.५ ओभरमा सबै विकेट गुमाउँदै ८७ रनमै समेटियो। एपिएफका लागि कविता जोशीले १४ र रेवती धामीले १२ रन बनाए पनि अन्य ब्याटरले दोहोरो अंक छुन सकेनन्।

कोशीको जितमा रुबिना क्षेत्रीले ३ विकेट लिइन् भने रिमा शर्मा र निरु राजवंशीले समान २-२ विकेट तथा टिका साह र अप्सरी बेगमले एक-एक विकेट लिए। कोशीकी काजल श्रेष्ठ फाइनल खेलको 'प्लेयर अफ द म्याच' घोषित भइन्।

प्रतियोगितामा सात प्रदेश र एक विभागीय टोली गरी आठ टोलीको सहभागिता रहेको थियो।

# कम्युनिस्ट एकतामा जोड

दैनिक समाचारदाता
काठमाडौं १४ असार । नेपाल कम्युनिस्ट पार्टी (नेकपा) का संयोजक पुष्पकमल दाहाल 'प्रचण्ड'ले कम्युनिस्ट शक्तिबीच एकता र कार्यगत सहकार्यमा ढिलाइ गर्न नहुने बताएका छन्।

'नेपालको कम्युनिस्ट आन्दोलन र जननेता मदन भण्डारी' विषयक विचार गोष्ठीलाई सम्बोधन गर्दै उनले तत्काल पार्टी एकता सम्भव नभए पनि साझा मुद्दामा आजैदेखि सहकार्य सुरु गर्नुपर्ने धारणा राखे। विचार मिल्ने शक्तिहरूबीचको सहकार्यले मात्रै कम्युनिस्ट आन्दोलनलाई बलियो बनाउन सकिने उनको भनाइ थियो।

प्रचण्डले वर्तमान सरकारले संविधानका आधारभूत मूल्य, लोकतान्त्रिक उपलब्धि र उत्पीडित समुदायका अधिकारमाथि प्रहार गर्न खोजेको आरोप लगाए। संविधानको रक्षा, लोकतान्त्रिक उपलब्धिको संरक्षण र राष्ट्रिय स्वाधीनताको पक्षमा सबै कम्युनिस्ट शक्तिहरू एकजुट हुनुपर्ने उनले बताए।

विश्वभर कम्युनिस्ट आन्दोलनलाई कमजोर बनाउने प्रयास भइरहेको उल्लेख गर्दै उनले नेपालमा पनि त्यस्तै गतिविधि भइरहेको दाबी गरे। देशमा बढ्दो वैदेशिक दबाब र हस्तक्षेपको सामना गर्न देशभक्त कम्युनिस्ट शक्तिहरूबीच एकता अपरिहार्य रहेको उनको भनाइ थियो। जननेता मदन भण्डारीप्रति सच्चा सम्मान व्यक्त गर्ने सबैभन्दा प्रभावकारी उपाय कम्युनिस्ट आन्दोलनलाई एकताबद्ध र सुदृढ बनाउनु भएको उल्लेख गर्दै प्रचण्डले विचार मिल्ने दल र नेताहरूले व्यक्तिगत स्वार्थभन्दा राष्ट्रिय हितलाई प्राथमिकता दिनुपर्नेमा जोड दिएै। योजनाको हिस्सा रहेको टिप्पणी गरे।

राष्ट्रिय स्वाधीनताको रक्षा, निरंकुश प्रवृत्तिको अन्त्य तथा वैदेशिक दबाब र हस्तक्षेपको प्रतिरोधका लागि देशभक्त कम्युनिस्ट शक्तिहरूबीच एकताको विकल्प नरहेको उनको भनाइ थियो।

# दुई किलो अफिमसहित तीन पक्राउ

दैनिक समाचारदाता
बारा, १४ असार । नेपाल-भारत सीमाक्षेत्रबाट करिब दुई किलो अफिमसहित दुई नेपाली र एक भारतीय नागरिक पक्राउ परेका छन्।

भारतको सशस्त्र सीमा बल (एसएसबी) को ७१औं बटालियन र महुआवा प्रहरीको संयुक्त टोलीले गोप्य सूचनाका आधारमा शनिबार अपराह्न भारतको बिहार राज्यअन्तर्गत पूर्वी चम्पारण जिल्लामा सीमा स्तम्भ नम्बर ३८१ नजिक संयुक्त अपरेसन सञ्चालन गरेको थियो। उक्त स्थान नेपाल-भारत सीमाबाट करिब १५० मिटर भारतीय भूभागभित्र पर्छ।

संयुक्त टोलीले नेपालबाट भारततर्फ तस्करीका लागि लैजाँदै गरेको अवस्थामा करिब दुई किलो अफिम (प्याकिङसहित) जस्तो देखिने लागूऔषध र एउटा हिरो होन्डा मोटरसाइकल बरामद गरेको जनाएको छ।



एसएसबी मुख्यालय पिपराकोठीका सहायक कमान्डेन्ट विश्वजित तिवारीका अनुसार पक्राउ पर्ने नेपालीहरू बारा जिल्लाको लंगडा चोक निवासी ४० वर्षीय दिनेश राम र ४१ वर्षीय सोनालाल पासवान हुन्।

प्रारम्भिक अनुसन्धानका क्रममा भारतको बिहार राज्य, पूर्वी चम्पारण जिल्लाको जितना थाना क्षेत्रस्थित भवानीपुर गाउँका ४० वर्षीय लालबाबु सिंह पनि तस्करीमा संलग्न रहेको खुलेपछि उनलाई समेत पक्राउ गरिएको भारतीय प्रहरीले जनाएको छ। बरामद लागूऔषध, मोटरसाइकल तथा पक्राउ परेका तीनै जनालाई आवश्यक कानुनी कारबाहीका लागि महुआवा प्रहरीको जिम्मा लगाइएको एसएसबीका प्रवक्ता विनित कुमार सिंहले जानकारी दिए। घटनाबारे थप अनुसन्धान भइरहेको तथा लागूऔषध तस्करीमा संलग्न अन्य व्यक्तिको खोजी जारी रहेको भारतीय सुरक्षा अधिकारीहरूले बताएका छन्।

# सम्पत्ति शुद्धीकरण निवारण विधेयक स्वीकृत

काठमाडौँ १४ असार । प्रतिनिधिसभाको आजको दोस्रो बैठकमा 'सम्पत्ति शुद्धीकरण 'मनि लाउण्डरिङ' निवारण (तेस्रो संशोधन), विधेयक २०८३' लाई विचार गरियोस् भन्ने सर्वसम्मतिले स्वीकृत भएको छ ।

अध्यादेशलाई प्रतिस्थापन गर्न ल्याइएको सो विधेयकमाथिको सैद्धान्तिक छलफलपछि निर्णयार्थ पेस गर्दा विधेयक स्वीकृत भएको हो । सो विधेयकमाथि संशोधन गर्न चाहने सांसदका लागि सङ्घीय संसद्को विधेयक शाखामा पेस गर्न आग्रह गरिएको छ ।

अर्थमन्त्री डा स्वर्णिम वाग्लेले सो विधेयक विचार गरियोस् भन्ने प्रस्ताव प्रस्तुत गर्नुभएको थियो । छलफलमा उठेका प्रश्नमाथि जवाफ दिँदै मन्त्री डा वाग्लेले अन्तर्राष्ट्रिय जगत्ले नेपालको सम्पत्ति शुद्धीकरणसम्बन्धी विषयलाई सूक्ष्म रूपमा अध्ययन गरिरहेकाले यस प्रकारको 'कालो धब्बा'बाट नेपाल बाहिर निस्कने चुनौतीको सामना गर्न कानुनी संशोधन गरिएको स्पष्ट गर्नुभयो ।

उहाँले युरोपेली आयोगले नेपालको उडान क्षेत्रलाई राखेको 'कालो सूची' बाट बाहिर ल्याउन पनि सम्बन्धित निकायले काम गरिरहेको जानकारी गराउँदै विद्यमान कानुन र नीतिको प्रभावकारी कार्यान्वयनमा जाने तत्परता सरकारले लिएको बताउनुभयो । उहाँले राजनीतिक अभिष्ट राखेर चयनमुखी शैलीबाट कसैमाथि अनुसन्धान नगरिने स्पष्ट पार्नुभयो ।

छलफलमा सांसदहरू विश्वराज पोखरेल, विदुषी राणा, पारसमणि गेलाल, आरेन राई, चन्द्रमोहन यादव र गीता गुरुङले भाग लिनुभयो ।

सांसदहरूले अवैध सम्पत्ति आर्जनलाई नियन्त्रण गर्न कानुनी कडाइ हुनुपर्ने, अकुत सम्पत्ति आर्जन गर्नेहरूमाथि भेदभाव नगरी निष्पक्ष अनुसन्धान गरिनुपर्ने र नेपाललाई सम्पत्ति शुद्धीकरणको 'ग्रे लिष्ट' बाट बाहिर ल्याउन पहल गर्नुपर्नेमा जोड दिनुभयो । रासस

# लोकतान्त्रिक शक्तिविरुद्ध षड्यन्त्र भइरहेको छ : ओली

दैनिक समाचारदाता
काठमाडौं, १४ असार । नेकपा एमालेका अध्यक्ष तथा प्रधानमन्त्री केपी शर्मा ओलीले लोकतान्त्रिक शक्तिहरूलाई विभाजित गर्ने षड्यन्त्र भइरहेको बताएका छन्।


मदन भण्डारी फाउन्डेसनले आइतबार काठमाडौंमा आयोजना गरेको कार्यक्रममा बोल्दै उनले लोकतान्त्रिक शक्तिहरूलाई एक हुन नदिने योजनाअन्तर्गत नेपाली कांग्रेसलाई फुटाइएको दाबी गरे । 'कसरी फुट्यो, किन फुटाइयो, फुटेर के भयो ? नेपाली कांग्रेस त फुट्यो,' ओलीले भने, 'अरूलाई पनि फुटाउने प्रयास हुन सक्छ । पहिले पनि यस्ता प्रयास भएका छन् र पार्टीहरू फुटेका छन् ।'

उनले नेकपा एमालेलाई भने कुनै पनि शक्तिले फुटाउन नसक्ने दाबी गरे ।



'कसैले हात हाल्न खोज्दैमा हुने होइन । बाहिरबाट यस्ता प्रयास भए पनि हामी त्यसलाई चिन्छौं र पराजित गर्छौं,' उनले भने, 'नेकपा एमाले एकताबद्ध छ र भविष्यमा पनि एकताबद्ध नै रहनेछ ।'

अब उत्कृष्ट भविष्यको रोजाई



MIT Campus, Janakpurdham

- गुणस्तरीय शिक्षा
- अनुभवी तथा दक्ष शिक्षक टोली
- आधुनिक शिक्षण पद्धति
- अनुशासित र विद्यार्थीमैत्री वातावरण
- उत्कृष्ट नतिजासहित उज्ज्वल भविष्यको सुनिश्चितता

"आजको सही निर्णय, भोलिको सफल भविष्य"

किन रोज्ने
- SEE पछि उत्कृष्ट अध्ययनको अवसर
- विज्ञान, वाणिज्य तथा व्यवस्थापन संकायमा विशेष सफलता
- नियमित कक्षा, अतिरिक्त शैक्षिक गतिविधि र करिअर मार्गदर्शन
- प्रतिस्पर्धात्मक परीक्षाको तयारीमा विशेष ध्यान
- आधुनिक प्रयोगशाला तथा सुविधा सम्पन्न कक्षा कोठा

**Janakpurdham-4,Dhanusha Nepal**
Mob. No. 9801670856, 9801670861, 9854025907, 9844005260 Phone : 041-425035, 526377
Email: mitcampus.jnk@gmail.com Website : www.mitjnk.edu.np

विज्ञान, वाणिज्य तथा व्यवस्थापन शिक्षामा विश्वासिलो नाम

'समाचार दैनिक जनकपुर'का लागि प्रकाशक ललिता दास, सल्लाहकार : हेमन्त साह, कार्यकारी सम्पादक प्रमोद पण्डित,सम्पादक : कैलास दास, मुद्रक: न्यू मोडेल अफसेट प्रेस.,जनकपुरधाम, सम्पादित कार्यालय: विद्यापति चौक, जनकपुरधाम, मो.नं.: ९८५४०२५१६४